संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - २०
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल असार ४ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर इनार सफा गर्ने क्रममा मानिसहरुको मृत्यु हुने गरेको तथ्याङ्क रहेको तर हालसम्म दुर्घटना बिमाको व्यवस्था नभएको र मृतकलाई क्षतिपूर्ति समेतको व्यवस्था नभएकोले तत्काल उचित व्यवस्था गर्नुपर्ने, धर्नामा बसेका संसद सचिवालयको कर्मचारीको माग सरकारले समयमै सम्बोधन गर्नुपर्ने, सभाका सदस्यहरुले पढ्ने पत्रपत्रिकामा कटौती हुन नहुने, हरेक वर्ष वर्षाले किसानहरुको खेतीका साथसाथै बाटो तथा कल्भर्टमा समेत क्षति हुने कारण आवतजावतमा समस्या हुने गरेकोले प्राकृतिक प्रकोप रोकथामको लागि गुरुयोजना बनाएर अगाडि बढ्नुपर्ने, कर्णालीका विभिन्न जिल्लाका लागि अत्यावश्यक रहेको महत्वपूर्ण बाटोहरुमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बजेट विनियोजन नगरेर कर्णालीलाई उपेक्षित गरेको, धनुषा र झापामा मात्र अत्यधिक बजेट विनियोजन भएको तर सिङ्गो कर्णाली प्रदेशमा दुई जिल्लामा भन्दा कम बजेट विनियोजन भएको, क्रसर उद्योगीहरुको माग सम्बोधन हुनुपर्ने, चिनियाँ नागरिकसँग नेपाली नागरिकता भेटिएको तर नेपाली नागरिकले नागरिकता पाउन विभिन्न किसिमको झन्झट रहेको, देशभरबाट कर उठाउने सरकारले यस वर्ष कुनै जिल्लामा अत्यधिक र कुनै जिल्लामा न्यून बजेट विनियोजन गरेकोले बजेट विनियोजनका आधारका सम्बन्धमा प्रधानमन्त्रीले जवाफ दिनुपर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयो ।

१. मा० विश्वप्रकाश शर्मा
२. मा० हृदयराम थानी
३. मा० हर्कमाया विश्वकर्मा
४. मा० रघुजी पन्त
५. मा० ज्ञानबहादुर शाही
६. मा० अब्दुल खान
७. मा० डा० अमरेशकुमार सिंह

त्यसपछि भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयोः-

१. मा० डिग बहादुर लिम्वु
२. मा० तारा लामा तामाङ
३. मा० तेजु लाल चौधरी
४. मा० डा० तोसीमा कार्की
५. मा० दिक्पाल कुमार शाही
६. मा० दिपक बहादुर सिंह
७. मा० दिपा शर्मा
८. मा० दिलेन्द्र प्रसाद बडू
९. मा० दुर्गा राई
१०. मा० देवेन्द्र पौडेल
११. मा० धवलशम्मशेर जंगबहादुर राणा
१२. मा० धुब्र बहादुर प्रधान
१३. मा० नागिना यादव
१४. मा० नारायण प्रसाद आचार्य
१५. मा० नारायणी शर्मा
१६. मा० निर्मला कोइराला
१७. मा० निशा डागी
१८. मा० प्रतिमा गौतम
१९. मा० प्रतिक्षा तिवारी
२०. मा० प्रदिप पौडेल
२१. मा० प्रभु हजरा
२२. मा० प्रेम सुवाल
२३. मा० बद्री प्रसाद पाण्डे
२४. मा० बासु देव घिमिरे
२५. मा० बिना देवी
२६. मा० बिनिता कठायत
२७. मा० बिमला सुवेदी
२८. मा० दामोदर पौडेल वैरागी

यसैविच माननीय डिग बहादुर लिम्वुले बोलिसक्नु भएपछि माननीय गंगाप्रसाद यादवले तराईको सिराहा लगायत विभिन्न जिल्लाहरुमा हरेक दिन चोरी डकैतीको घटना बढिरहेकोले सरकारले तत्काल सुरक्षाको प्रत्याभूति गराउनु पर्ने आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रममा सामान्य हेरफेर गरिएको व्यहोरा जानकारी गराउनु भयो । साथै विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत सम्माननीय प्रधानमन्त्रीसँग सम्बन्धित कार्यालयहरुको विभिन्न शिर्षकहरुमाथीको छलफलमा माननीय सदस्यहरुले उठाउनु हुने विषयहरुको बुँदा

टिपेर तयारी गर्नको लागि सम्बन्धित कार्यालयको कर्मचारीको साथसाथै माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री उपस्थित हुने जानकारी प्राप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् प्रारम्भ भएको विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत गृह मन्त्रालय; परराष्ट्र मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; राष्ट्रिय योजना आयोग; उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथि समुहिकृत रुपमा भएको छलफलमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्नुहुँदै कार्यसूचीमा निर्धारित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथीको छलफलमा समेत भाग लिनुभयोः-

१. मा० डा० अमरेश कुमार सिंह
२. मा० प्रेम सुवाल
३. मा० राजेन्द्र प्रसाद लिङदेन
४. मा० हृदयराम थानी
५. मा० उदय शम्शेर ज.ब.रा.
६. मा० रोशन कार्की
७. मा० प्रदिप पौडेल
८. मा० बुद्धिमान तामाङ
९. मा० चन्दा चौधरी
१०. मा० ज्ञानबहादुर शाही
११. मा० ध्रुवबहादुर प्रधान
१२. मा० विना लामा

तत्पश्चात् विनियोजन विधेयक, २०८१ अन्तर्गत उल्लिखित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा दलीय आधारमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयोः-

१. मा० अर्जुन नरसिंह के.सी.
२. मा० रघुजी पन्त
३. मा० अमनलाल मोदी
४. मा० सन्तोष परियार
५. मा० प्रेम बहादुर आले
६. मा० रन्जु कुमारी झा
७. मा० अब्दुल खान
८. मा० रेखा यादव
९. मा० महन्थ ठाकुर
१०. मा० प्रभु साह
११. मा० लालबिर चौधरी
१२. मा० डा० प्रकाश शरण महत
१३. मा० गोकुल प्रसाद बाँस्कोटा
१४. मा० सुदन किराँती
१५. मा० शिशिर खनाल
१६. मा० दिलेन्द्र प्रसाद बडू
१७. मा० लिलानाथ श्रेष्ठ
१८. मा० बिमला सुवेदी
१९. मा० दिपक गिरी
२०. मा० सूर्य बहादुर थापा क्षेत्री
२१. मा० माधव सापकोटा
२२. मा० डा० चन्द्रकान्त भण्डारी
२३. मा० सुनिता बराल
२४. मा० छिरिङ ल्हामु लामा (तामाङ)
२५. मा० रामहरि खतिवडा
२६. मा० तारा लामा तामाङ
२७. मा० महिन्द्र राय यादव
२८. मा० तेजुलाल चौधरी
२९. मा० प्रभु हजरा
३०. मा० पूर्ण बहादुर तामाङ
३१. मा० नारायण प्रसाद आचार्य
३२. मा० ऐन बहादुर शाही ठकुरी
३३. मा० रामकृष्ण यादव
३४. मा० लिला देवी बोखिम लिम्बु
३५. मा० बद्री प्रसाद पाण्डे
३६. मा० महेश कुमार वर्तौला

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८१ अन्तर्गत युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफल साथै विनियोजन विधेयक, २०८१ अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय; वन तथा वातावरण मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; सहरी विकास मन्त्रालय; रक्षा मन्त्रालय; खानेपानी मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको विभिन्न शिर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको उत्तर सम्बन्धित मन्त्रीले दिने कार्यक्रम मिति २०८१ असार ५ गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल असार ५ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी बैठक रातको ८:२५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव